गौरीगङ्गा नगरपालिकाका नगर प्रमुख श्री देवी दत्त कडेल ज्यूको अध्यक्षतामा मिति २०८३/०४/१४ गते बिहान ११:०० बजे नगर कार्यपालिकाको ९२ औं बैठक बसी तपसिल बमोजिमका प्रस्तावहरु माथि छलफल गरी देहायबमोजिम निर्णयहरु गरियो ।

उपस्थिति

| सि.नं. | पदाधिकारीको नाम, थर | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री देवी दत्त कडेल | नगर प्रमुख | |
| २ | श्रीं भोज बहादुर बम | नगर उप-प्रमुख | |
| ३ | श्री डबल बहादुर दियाकोटी बोहरा | वडा अध्यक्ष वडा नं. १ | |
| ४ | श्री जनक बहादुर साउँद | वडा अध्यक्ष वडा नं. २ | |
| ५ | श्री मनिराज जोशी | वडा अध्यक्ष वडा नं. ३ | |
| ६ | श्री राम बहादुर चौधरी | वडा अध्यक्ष वडा नं. ४ | |
| ७ | श्री विष्णु प्रसाद भाट | वडा अध्यक्ष वडा नं. ५ | |
| ८ | श्री टेक वहादुर कुँवर | वडा अध्यक्ष वडा नं. ६ | |
| ९ | श्री आशा राम डगौरा थारु | वडा अध्यक्ष वडा नं. ७ | |
| १० | श्री करुणा चौधरी | वडा अध्यक्ष वडा नं. ८ | |
| ११ | श्री राज कुमार थारु | वडा अध्यक्ष वडा नं. ९ | |
| १२ | श्री नर सिँ सार्की | वडा अध्यक्ष वडा नं. १० | |
| १३ | श्री साहेवलाल चौधरी | वडा अध्यक्ष वडा नं. ११ | |
| १४ | श्री रुपा देवी जैशी | नगर कार्यपालिका सदस्य वडा नं. १ | |
| १५ | श्री मदन नेपाली | नगर कार्यपालिका सदस्य वडा नं. १ | |
| १६ | श्री इन्द्रकली देवी विश्वकर्मा | नगर कार्यपालिका सदस्य वडा नं. ४ | |
| १७ | श्री विशाल खवास | नगर कार्यपालिका सदस्य वडा नं. ६ | |
| १८ | श्री उर्मिला बम | नगर कार्यपालिका सदस्य वडा नं. ७ | |
| १९ | श्री लक्ष्मी देवी बि.क. | नगर कार्यपालिका सदस्य वडा नं. १० | |
| २० | श्री हरिना देवी खाती | नगर कार्यपालिका सदस्य वडा नं. ११ | |
| २१ | श्री भक्तराज जोशी | प्रमुख प्रशासकीय अधिकृत | |

**प्रस्तावहरु:**

१. वार्षिक समीक्षा सम्बन्धमा ।

२. सार्वजनिक सुनुवाई सम्बन्धमा ।

३. नगर शिक्षक, बिद्यालय कर्मचारी तथा प्रारम्भिक बाल विकास शिक्षकको सेवा, शर्त तथा सुविधा सम्बन्धमा ।

४. कार्यविधि स्वीकृत गर्ने सम्बन्धमा ।

५. चौमाला र मसुरियामा कृषि र पशु सेवा केन्द्र स्थापना सम्बन्धमा ।

६. आ.व. २०८३/८४ को कैलाली जिल्लाको जिल्ला दररेट अनुमोदन सम्बन्धमा ।

७. पालिकास्तरीय विपद् जोखिम न्यूनिकरण मूल्याङ्कन साधन (MDGRA) सम्बन्धमा ।

८. नदीहरुको प्रारम्भिक वातावरणीय परिक्षण (IEE) प्रतिवेदन अनुमोदन सम्बन्धमा ।

९. पशुपन्छी निकासी कर सम्बन्धमा ।

१०. सार्वजनिक निर्माण कार्यको लागि "घ" बर्गको इजाजत पत्र जारी गर्ने ।

११. करार/ज्यालादारीमा कार्यरत कर्मचारीहरुको म्याद थप सम्बन्धमा ।

१२. विविध ।

**निर्णयहरु**

१. यस नगरपालिकाबाट आ.व. २०८२/०८३ मा सम्पादित कार्यक्रमको बार्षिक प्रगति समीक्षा गरियो।

२. यस नगरपालिकाबाट आ.व. २०८२/०८३ मा सम्पादित कार्यक्रमहरु उपरको सार्बजनिक सुनुवाई कार्यक्रम २०८३ साल श्रावण मसान्त भित्र गर्ने निर्णय गरियो ।

३. यस नगरपालिकामा कार्यरत नगर शिक्षक, बिद्यालय कर्मचारी तथा प्रारम्भिक बाल विकास शिक्षकको सेवा, शर्त तथा सुविधा सम्बन्धमा देहायबमोजिम गर्ने निर्णय गरियो।

क. नगर शिक्षक छनौट तथा व्यवस्थापन कार्यविधि, २०७८ (संशोधन सहित) को बुँदा १० मा भएको व्यवस्था बमोजिम गौरीगङ्गा नगरपालिका अन्तर्गत सञ्चालित सामुदायिक विद्यालयहरुमा कार्यरत नगर शिक्षक, बिद्यालय कर्मचारी तथा प्रारम्भिक बाल विकास शिक्षकहरुको आ.व. २०८३/०८४ को लागि तपसिल अनुसार सेवा सुविधा तोक्ने,

तपसिल:

| क.स. | पद/तह | आ.व. २०८२/०८३ | आ.व. २०८३/०८४ मा थपिएको रकम | आ.व. २०८३/०८४ | पोशाक (वार्षिक) |
|---|---|---|---|---|---|
| १. | बालविकास शिक्षक | २०००० | २००० | २२००० | ८००० |

देवी दत्त कडेल
नगर प्रमुख

गौरीगङ्गा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
चौमाला, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल
२०७३

| | | | | | |
|---|---|---|---|---|---|
| २. | प्राथमिक शिक्षक | २२००० | ३००० | २५००० | ८००० |
| ३. | निम्न माध्यमिक शिक्षक | २५००० | ४००० | २९००० | ८००० |
| ४. | माध्यमिक शिक्षक | २८००० | ५००० | ३३००० | ८००० |

४. यस नगरपालिकाको दैनिक प्रशासनिक कामकाज सङ्ग सम्बद्ध देहायबमोजिमका दस्ताबेज उपर छलफल भई स्वीकृत गर्ने निर्णय गरियो ।

क. स्थानीय विपद् तथा जलवायु उत्थान्शील योजना (LDCRP), २०८२ ।

ख. स्थानीय आपत्कालीन कार्यसञ्चालन केन्द्र (LEOC) सञ्चालन सम्बन्धी कार्यविधि, २०८३ ।

ग. पशु विकास शाखा स्वीकृत कार्यक्रम सञ्चालन कार्यविधि, २०८३ ।

घ. कृषि हाटबजार व्यवस्थापन तथा सञ्चालन कार्यविधि, २०८३ ।

ङ. गौरीगङ्गा नगरपालिकाको कार्यक्रम तथा बैठक सञ्चालन खर्च मापदण्ड, २०८३ ।

च. बाल संरक्षण मापदण्ड, २०८३ ।

छ. गौरीगङ्गा नगरपालिकाको चिकित्सक तथा विशेषज्ञ चिकित्सक प्रोत्साहन सुविधा सम्बन्धी कार्यविधि, २०८३

५. यस नगरपालिकाका कृषक तथा पशुपालकहरूलाई कृषि तथा पशु सेवाहरू सहज, छिटोछरितो र प्रभावकारी रूपमा उपलब्ध गराउने उद्देश्यले नगरपालिकाको वडा नं. २ चौमाला र वडा नं. ९ मसुरियामा कृषि तथा पशु सेवा केन्द्र सञ्चालन गर्ने निर्णय गरियो ।

६. स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १३ उपदफा १ बमोजिम नगरपालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण कार्य तथा अन्य सेवाको प्रयोजनका लागि निर्माण सामग्री, ज्याला, भाडा तथा महसुलको स्थानीय दररेट तोक्नुपर्ने कानुनी व्यवस्था अनुसार कैलाली जिल्लाको स्वीकृत जिल्ला दररेट नै आ.व. २०८३/०८४ मा यस नगरपालिकामा समेत लागु हुने गरी कार्यान्वयन गर्ने निर्णय गरियो ।

७. यस नगरपालिकाको विपद् जोखिम व्यवस्थापन सुशासन ऐन, नीति, योजना र कार्यविधिको स्वमुल्याकनमा सहयोग पुग्ने हेतुले सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले तयार गरेको पालिका विपद् जोखिम सुशासन मूल्याङ्कन (MDRGA) विधि बारे लेखाजोखा गर्ने निर्णय गरियो ।

८. यस नगरपालिका अन्तर्गतका नदीहरुबाट नदिजन्य पदार्थ बिक्री वितरणका लागि प्रारम्भिक वातावरणीय परिक्षण (IEE) प्रतिबेदन तयारीका लागि वातावरण अधिकृत श्री अशोक अवस्थीले पेश गरेको (TOR) अनुमोदन गर्ने निर्णय गरियो ।

९. पशुपन्छी निकासी कर सङ्कलनका लागि गत आ.व. २०८२/०८३ मा भ्याट बाहेक रु. ४,४०,०००/- (चारलाख चालिस हजार) न्युनतम कबोल अङ्क राखी सूचना प्रकाशन गरिएकोमा



देवी दत्त कंडेल
नगर प्रमुख

चालु आ.व. २०८३/०८४ का लागि गत बर्षको न्युनतम कविल अङ्कमा २०% वृद्धि गरी रु. ५,२८,०००/- (पाँचलाख अट्ठाइस हजार- भ्याट बाहेक) न्युनतम कबोल अङ्क कायम गरी सूचना प्रकाशन मार्फत ठेक्का बन्दोबस्ती गर्ने राजश्व परामर्श समितिको मिति २०८३/०४/११ को सिफारिस अनुसार सूचना प्रकाशन मार्फत ठेक्का आव्हान गर्ने निर्णय गरियो ।

१०. "घ" बर्गको निर्माण व्यवसायी इजाजत पत्र सम्बन्धि कार्यविधि, २०८१ को बुदाँ नं. २(२) बमोजिम इजाजत पत्र सिफारिस समितिको सिफारिस अनुसार तपसिल बमोजिमका फर्म/कम्पनीलाई सार्वजनिक निर्माण कार्य गर्नको लागि "घ" बर्गको इजाजत पत्र जारी गर्ने निर्णय गरियो ।

| क्र. सं. | फर्म वा कम्पनीको नाम | ठेगाना | प्रोप्राइटरको नाम | कम्पनि दर्ता गर्ने निकाय | कैफियत (समितिको सिफारिस मिति) |
|---|---|---|---|---|---|
| १. | डि.यो कन्स्ट्रक्सन प्रा.लि. | गौरीगंङ्गा न.पा.-०६ कैलाली | महेन्द्र भण्डारी | कम्पनी रजिष्टारको कार्यालय | २०८३/०४/१३ |

११. यस नगरपालिकामा करार सेवा तथा दैनिक ज्यालादारीमा कार्यरत कर्मचारीहरुको कार्य सम्पादन मूल्याङ्कनका आधारमा चालु आ.व. ०८३/८४ को श्रावण देखि माघ मसान्तसम्म महँगी भत्ता सहित मासिक तलब पाउने गरी करार अवधि थप गर्ने निर्णय गरियो ।

१२. यस गौरीगङ्गा नगरपालिकाको वडा नं. ११ मा रहेको चमरैया ताल ठेक्का बन्दोबस्तीका लागि आ.ब. २०८२/८३ मा न्युनतम कबोल अङ्क ८,००,०००/- (आठ लाख) भ्याट बाहेक कायम गरी अन्तिम पटक मिति २०८३/०३/१० मा सूचना आव्हान गर्दा समेत ठेक्का बन्दोबस्ती हुन नसकेकोले यस आ.व. मा समेत सोही न्युनतम कबोल अङ्क कायम गरी प्रत्येक २ (दुई) बर्षको समासिमा १० प्रतिशतका दरले सम्झौता रकममा बढ्ने गरी ५ (पाँच) बर्षका लागि ठेक्का प्रक्रिया अगाडि बढाउने निर्णय गरियो।

१३. यस नगरपालिकामा रहेका कमैयाहरुको व्यवस्थापनका लागि मुक्त कमैया पुनर्स्थापना कार्यविधिको मस्यौदा गरी एक महिना भित्र पेश गर्न देहायबमोजिम समिति गठन गर्ने निर्णय गरियो।

तपसिल :

| क्र.सं. | नामथर | पद | कैफियत |
|---|---|---|---|
| १ | श्री गणेश जोशी | संयोजक | बि.नि. |
| २ | श्री गगन भुल | सदस्य | अधिकृत छैटौं |
| ३ | श्री पशुपति चौधरी | सदस्य | मुक्त कमैया प्रतिनिधि |
| ४ | श्री हिरालाल चौधरी | सदस्य | मुक्त कमैया प्रतिनिधि |
| ५ | श्री हर्क बहादुर चन्द | सदस्य-सचिव | कानुन अधिकृत |

देवी दत्त कंडेल
नगर प्रमुख

गौरीगङ्गा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मसुरिया, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल